# महादेवा गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

बथनाहा, सप्तरी

# महिला तथा बालिका विरुद्ध हुने हिंसा सम्बोधनका लागि सिफारिस प्रणाली सम्बन्धी निर्देशिका, २०८२

पृष्ठभूमि :

महिला तथा बालिका विरुद्ध हुने हिंसा प्रभावित महिला तथा बालिकालाई केन्द्र बिन्दुमा राखि उनीहरुलाई छिटो, छरितो र प्रभावकारी रूपले मनोसामाजिक सेवा, सुरक्षा र संरक्षण, चिकित्सा सेवा र सहायता तथा कानुनी सेवा, सीपमुलक तालिम तथा आयआर्जनमा सहयोग, शिक्षामा सहयोग, दुर्व्यसनी पुनःर्स्थापनाका साथै पारिवारिक तथा सामाजिक पुनः मिलन पुनः एकिकरणमा सहयोग पुर्याउनका लागि महादेवा गाउँपालिकाद्वारा महिला तथा बालिका विरुद्ध हुने हिंसा सम्बोधनका लागि सिफारिस सम्बन्धी निर्देशिका २०८२ । प्रेषण प्रणाली सम्बन्धी निर्देशिका, २०६२ तयार पारिएको छ । यो निर्देशिका महादेवा गाउँपालिकाको कार्यपालिका बैठकले स्वीकृत गरे पश्चात लागु हुनेछ । नेपालले महिला अधिकारको संरक्षण र सम्वर्द्धनका लागि महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मुलन सम्बन्धि महासन्धि (CEDAW) र संयुक्त राष्ट्र संघको सुरक्षा परिषदको प्रस्ताव नं. १३२५ र १८२० (UNSCR १३२५, १८२०) आदि जस्ता विभिन्न अन्तराष्ट्रिय दस्तावेजहरुमा प्रतिवद्धताहरु जनाई सकेको छ । नेपालको संविधानको धारा ३८ मा महिला अधिकारलाई मौलिक हकका रुपमा व्यवस्था गरिएको छ । स्थानीय सरकारलाई महिला अधिकारको प्रवर्द्धनका लागि नेपालको संविधान र स्थानीय सरकार संचालन ऐन, २०७४ मा पनि विभिन्न जिम्मेवारीको व्यवस्था गरेको छ । त्यसै गरी घरेलु हिंसा कसुर र सजाय) ऐन, २०६६ को दफा उपदफा १ का साथै दफा ११ र १७ मा भएका प्रावधान अनुसार र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद १५ का दफा १०२ को उपदफा १ र २ मा उल्लेख भए बमोजिम यस पालिकाले महिला तथा बालिका विरुद्ध हुने हिंसा प्रभावित व्यक्तिहरुलाई सेवा प्रदायकबाट अन्य सम्बन्धित सेवा प्रदायकमा पठाई समयमै उचित र प्रभावकारी सेवा प्रदान गर्न यो सिफारिस प्रणाली सम्बन्धि निर्देशिका तयार परिएको छ ।

यस सिफारिस प्रणालीको उद्देश्य महिला तथा बालिका विरुद्ध हुने हिंसाका सवालहरुको सम्बोधनका लागि सकृय रुपमा कार्य गर्ने स्थानीय स्तरमा कार्यरत सम्बन्धित निकायहरुलाई परिचालन गरी एकिकृत रुपमा हिंसा प्रभावितलाई सेवा सहयोग पुर्याउन र महिला अधिकार संरक्षणका लागि रणनीतिक रुपमा उच्च प्राथमिकताका साथ क्रियाशिल रहनेछ । प्रभावितको सुसुचित सहमतिमा मात्र सेवा र सुविधा उपलब्ध गराईनेछ र व्यक्तिको सम्पुर्ण विवरण गोप्य राखिनेछ ।

# महिला तथा बालिका विरुद्ध हुने हिंसा सम्बोधनका लागि सिफारिस प्रणाली सम्बन्धी निर्देशिका, २०८२

स्वीकृत मिति: २०८१/०६/२६

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस निर्देशिकाको नाम महिला तथा बालिका विरुद्ध हुने हिंसा सम्बोधनका लागि सिफारिस सम्बन्धी निर्देशिका २०८२ रहेको छ। यो निर्देशिका महादेवा गाउँपालिकाको कार्यपालिकाले स्वीकृत गरेको मिति देखि लागु हुनेछ ।

२. परिभाषा विषय र प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकाले स्थानिय सरकार संचालन ऐन, २०७४ को अधिनमा रहि सिफारिस र समन्वयकारी भूमिका खेल्नेछ ।

क) महिला तथा बालिका विरुद्ध हुने हिंसा प्रभावित व्यक्ति" भन्नाले कुनै पनि स्थान वा परिस्थतीमा हुने यौनजन्य दुर्व्यवहार, सामाजिक कुरीतिजन्य व्यवहार लगायत अन्य आधारमा हुने हिंसाबाट प्रभावित तथा पिडित व्यक्ति सम्झनु पर्दछ ।

ख) "सिफारिस प्रणाली वा प्रेषण प्रणाली भन्नाले महिला तथा बालिका विरुद्ध हुने हिंसाबाट प्रभावित व्यक्तिहरुलाई समयमै, उचित र प्रभावकारी सेवाप्रवाह गर्न एउटा सेवा प्रदायकबाट अन्य सम्बन्धित सेवा प्रदायकमा पठाउने व्यवस्थित संयन्त्र सम्झनु पर्दछ ।

ग) "घटना व्यवस्थापक" भन्नाले घटनालाई दर्ता गर्न र घटनाको समापन नहोउञ्जेलसम्म सम्पर्क व्यक्तिको रुपमा काम गर्ने आधिकारिक व्यक्ति सम्झनु पर्दछ ।

घ) "प्राथमिक सेवाप्रदायक" भन्नाले घटनाको आवश्यकता हेरेर उपलब्ध सेवा तथा सहयोग प्रदान गर्ने निकाय सम्झनु पर्दछ ।

ङ) "सिफारिस संयन्त्र कर्ता वा आधिकारिक व्यक्ति" भन्नाले घटनालाई दर्ता गर्ने वा नगर्ने साथै घटनालाई औपचारिक रुपमा समापन गर्ने आधिकारिक व्यक्तिलाई सिफारिस संयन्त्रकर्ता वा आधिकारिक व्यक्ति सम्झनु पर्दछ ।

३. निर्देशिकाको उद्देश्य

क) महिला तथा बालिका विरुद्ध हुने हिंसाका सवालहरुको सम्बोधनका लागि सकृय रुपमा कार्य गराउने ।

ख) स्थानीय स्तरमा कार्यरत निकायहरुलाई परिचालन गरी एकिकृत रुपमा हिंसा प्रभावितलाई छिटो छरितोका साथै प्रभावकारी सेवाप्रवाह गराउने ।

ग) हिंसा प्रभावितलाई तत्कालिन र दिर्घकालिन आवश्यकताहरुमा सहयोग पुर्याउनु ।

घ) हिंसा प्रभावितलाई छिटो छरितो र सहज रुपमा सहयोग पुर्याउन सम्बद्ध निकायहरु बीच समन्वय स्थापना गर्ने ।

ङ) विशेष गरी महिला, बालिका विरुद्ध हुने हिंसा प्रभावितको अधिकारको संरक्षणका लागि रणनीतिक रुपमा उच्च प्राथमिकताका साथ कियाशिल रहने ।

## ४. प्रमुख सवाल

महादेवा गाउँपालिकामा महिला तथा बालिका विरुद्ध हुने हिसासँग सम्बन्धित निम्न सवालहरु पहिचान गरिएका छन ।

### ४.१ घरेलु हिंसा

क) शारीरिक यातनाः कुटपिट गर्ने, गैर कानूनी थुनामा राख्ने, शारीरिक चोट पुर्‍याउने, तेजाब वा यस्तै प्रकारका अन्य पदार्थ छडकी वा सो पदार्थले पोली, डामी, दली, घसी जीउमा पीडा पुर्‍याउने वा अनुहार वा शरीरको कुनै अंग कुरुप पारिदिने वा यस्तै अन्य कुनै काम गर्ने वा गराउने कार्य ।

ख) मानसिक यातनाः शारीरिक यातनाको डर धाक देखाउने वा धम्की दिने, त्रासपूर्ण व्यवहार गर्ने, गाली गलौज गर्ने, झुट्टा आरोप लगाउने, घरबाट निकाला गर्ने, वैचारिक, धार्मिक, सांस्कृतिक, प्रथा, परम्पराका आधारमा भेदभाव गर्ने, रुप, रंग, शारीरिक बनावट तथा कुनै रोग लागेको आधारमा अपमानित गर्ने, मानसिक तनाव दिने, आत्महत्या गर्न दुरुत्साहन गर्ने वा आत्महत्या गर्ने परिस्थिति खडा गर्ने ।

ग) यौनजन्य यातनाः यौनजन्य प्रतिको दुर्व्यवहार, अपमान, हतोत्साह वा आत्म सम्मानमा चोट पुर्‍याउने वा सुरक्षित यौन स्वास्थ्यमा आघात पुग्ने कुनै पनि कार्य ।

घ) आर्थिक यातनाः सगोल वा निजी सम्पत्तिको प्रयोग गर्न र रोजगारी गर्नबाट बञ्चित गर्ने, आर्थिक स्रोत माथि नियन्त्रण तथा श्रोत र साधनको पहुंच वा प्रयोग गर्नमा बञ्चित गर्ने कार्य ।

४.२ यौन दुर्व्यवहार/ जबरजस्ती करणीः मञ्जुरी बिना करणीका आशयले समातेमा वा निजको संवेदनशील अङ्ग छोएमा वा छुन प्रयास गरेमा, निजको भित्री पोशाक खोलेमा वा खोल्ने प्रयास गरेमा, निजले लगाउने भित्री पोशाक लगाउन वा फुकाल्न कुनै किसिमले बाधा अवरोध गरेमा वा निजलाई अस्वाभाविक रुपमा कुनै एकान्त ठाउँमा लगेमा, यौन सम्बन्धी आफ्नो अङ्ग निजलाई छुन, समाउन लगाएमा, निजसँग अश्लिल प्रकारको शब्द मौखिक, लिखित वा साङ्केतिक रुपमा वा विद्युतीय माध्यमबाट प्रयोग गरेमा, अश्लिल चित्र वा तस्वीर देखाएमा, यौनका उदेश्यले जिस्क्याएमा वा हैरानी दिएमा वा निजसँग अस्वाभाविक, अवाञ्छित वा अमर्यादित व्यवहार गर्ने ।

४.३ बालविवाहः बीस वर्ष नपुग्दै वा कानूनले तोकेको उमेर भन्दा पहिला विवाह गर्ने गराउने कार्य ।

४.४ दाईजो प्रथा : कानुन विपरित विवाहमा नगद तथा जिन्सी सामान दिनेलिने कार्य ।

४.५ बोक्सीको आरोपः कानुन विपरित बोक्सो वा बोक्सीको आरोप लगाउने तथा आरोपित व्यक्तिलाई क्रुर, अमानवीय वा अपमान जनक व्यवहार गर्ने, बोक्सीको आरोपमा घरबाट निकाला गर्ने, मलमुत्र खुवाउने, चारपाटा मोड्ने कार्य ।

४.६ मानव बेचबिखन तथा ओसार पसारः कुनै पनि उद्देश्यले महिला तथा बालिका किन्ने वा बेच्ने, कुनै प्रकारको फाइदा लिई वा नलिई वेश्यावृत्तिमा लगाउने, प्रचलित कानुन बमोजिम मानिसको अंग झिक्ने र बेश्यागमन गर्ने कार्य र मानिसलाई विदेशमा लैजाने वा यौन व्यवसायमा लगाउने शोषण गर्ने उद्देश्यले शारीरिक, मानसिक

रुपमा दबाव वा प्रलोभनमा पारी कसैलाई बसिरहेको घर, स्थान वा व्यक्तिबाट छुटाई लग्ने वा मञ्जुरी विना नेपालभित्र वा विदेशमा लैजाने वा अरु कसैलाई दिने कार्य मानव बेचबिखन तथा ओसारपसार हो ।

४.७ साईवर अपराध: विद्युतीय माध्यमद्वारा मानिसलाई अश्लिल शब्द प्रयोग, चित्र प्रदर्शन, धम्की, गाली गलौज, हैरानी दिने, सामाजिक सञ्जालमा चरित्र हत्या सम्बन्धी सामाग्री प्रशारण गर्ने कार्य ।

४.८ बालश्रम: कानुनले तोकेको उमेर नपुग्दै करकाप र जबरजस्ती रुपमा काममा लगाउनु ।

५. सिफारिस प्रणाली अन्तर्गत उपलब्ध गराईने सेवाका क्षेत्रहरु र जिम्मेवार निकायहरु : यस महादेवा गाउँपालिकाका अन्तरगत महिला तथा बालिका विरुद्ध हुने हिंसा प्रभावितहरुको संरक्षणका लागि यस सिफारिस प्रणाली अन्तर्गत निम्न बमोजिमका क्षेत्रहरुमा आवश्यक सेवाहरु उपलब्ध गराईनेछ। साथै उक्त सेवाको लागि सम्भावित सेवा प्रदायकहरु निम्नानुसार रहनेछन -

५.१ सिफारिस प्रणाली अन्तर्गत उपलब्ध गराउने प्रमुख सेवाहरु

क) मनोसामाजिक सेवा वा सहायता ।

ख) सुरक्षा, संरक्षण र आवास सेवा ।

ग) चिकित्सा सेवा वा सहायता ।

घ) कानुनी सेवा वा सहायता ।

ङ) सीपमूलक तालिम तथा व्यवसाय सञ्चालन सहयोग ।

च) शिक्षामा सहयोग ।

छ) दुर्व्यसन पुनःस्र्थापनामा सहयोग ।

ज) उद्धार तथा पुनःस्र्थापना एवं पुनः एकिकरण सेवा ।

झ) प्रेषण सेवा प्रदान गर्ने ।

ञ) प्राथमिक उपचार तथा विधि ।

५.२ सिफारिस प्रणालीका सहयोग क्षेत्रका मुख्य जिम्मेवारीहरु :

५.२.१ मनोसामाजिक सेवा वा सहायता:

→ जानकारी प्रदान गर्ने ।
→ मनोविमर्श प्रदान गर्ने ।
→ भावनात्मक सहायता गर्ने ।

प्रभावित व्यक्तिहरुको नजिकको सम्पर्कमा रहने र उनीहरुलाई सक्दो सहायता, सहानुभूति र गोप्य सेवाहरु प्रदान गर्ने ।

५.२.२ सुरक्षा, संरक्षण र सुरक्षित आवास सेवा :

→ प्रभावित व्यक्तिहरु र संरक्षकको सुरक्षा र संरक्षण ।

→ घटनाको अनुसन्धान ।
→ सुरक्षाको सुनिश्चितताका लागि आशंका गरिएको दोषीलाई गिरफ्तार गर्ने ।
→ प्रभावित व्यक्तिले कानुनी प्रक्रिया अगाडी बढाउन चाहेमा आवश्यक प्रकृया शुरु गर्ने ।
→ प्रभावितलाई आवश्यकता छ भने सुरक्षित आवास गृहको सेवा उपलब्ध गराउने।
→ आवश्यक परे वैकल्पिक सुरक्षित आवास गृह उपलब्ध गराउने ।
→ प्रभावितको सुरक्षा योजना निमार्ण गर्ने ।
→ आवश्यकता अनुसार प्रेषण गर्ने ।

५.२.३ चिकित्सा सेवा वा सहायता :

→ प्रभावितको शारीरिक तथा मानसिक चेकजाँच तथा मेडिकल रिपोर्ट तयार गरी सुरक्षित राख्ने ।
→ यौन रोगहरु जस्तै यौन प्रसारित रोग (एस.टी.आई), एच.आई.भी एड्सको चेकजाँच तथा रोकथाम गर्ने (पोस्ट एक्सपोजर प्रोफाइलेक्सिस) ।
→ अनिच्छित गर्भ पतन गर्ने ।
→ घाउ चोटहरुको उपचार गर्ने ।
→ मानसिक आघातमा परेका व्यक्तिहरुलाई प्रभावकारी उपचार तथा मनोविमर्श सेवा दिने ।
→ उपयुक्त सेवा सुविधा पाईनेठाउँमा प्रेषण गर्ने ।
→ प्रभावित व्यक्ति वा अदालतले चाहेको खण्डमा चिकित्सकसंग सम्बन्धित निष्कर्ष वारे अदालतमा स्पष्टसंग भन्ने।
→ प्रभावित व्यक्तिको निरन्तर हेरविचार गर्ने ।

५.२.४ कानुनी सेवा वा सहायता :

→ प्रभावित व्यक्तिलाई मुद्दा अगाडी बढाउनुको फाइदा तथा अवरोधहरुको बारेमा राम्रोसंग बुझाउने ।
→ प्रभावितलाई न्यायिक प्रकृयामा लाग्ने समय, खर्च, प्राप्त गर्ने न्याय, हुन सक्ने हार जस्ता विषयमा प्रष्टसंग बुझाउने।
→ प्रभावित व्यक्ति र साक्षी दुवैलाई कानुनी सल्लाह र सहायता दिने ।
→ आवश्यकता अनुसार निःशुल्क कानुनी सहायता उपलब्ध गराउने ।

५.२.५ सीपमूलक तालिम तथा व्यवसाय सञ्चालन सहयोग :

→ प्रभावितको आवश्यकताको आधारमा सीपमुलक तालिम प्रदान गर्ने निकायको खोजी गर्ने ।
→ जोखिमहरु कम गर्न तथा प्रभावितको आत्मनिर्भरताका लागि सीप, तालिम तथा आयआर्जनका क्रियाकलाप गर्न सहयोगको खोजी गर्ने ।

५.२.६ शिक्षामा सहयोग

→ प्रभावित स्वयंलाई शैक्षिक सहयोगको लागि समन्वय गर्ने ।
→ प्रभावितका प्रत्यक्ष आश्रयमा बसेका बालवालिकालाई शैक्षिक सहयोगको लागि पहल गर्ने।

५.२.७ दुर्व्यसनी पुनःस्थापना सहयोग

→ महिला तथा बालिका विरुद्ध हुने हिंसाको कारण दुर्व्यसनीमा लागेकाहरुका लागि पुनःस्थापना गर्नलाई आवश्यक पहल गर्ने ।

५.२.८ उद्धार तथा पुनःर्स्थापना एवं पुनः एकिकरण सेवा

→ महिला तथा बालिका विरुद्ध हुने हिंसा प्रभावितहरुको उद्धार गर्न समन्वय गर्ने ।

→ पारिवारिक, सामाजिक तथा सामुदायिक पुनःर्स्थापना एवं पुनः एकिकरण गर्न आवश्यक सहयोग गर्ने ।

६. लक्षित समुह

→ सबै किसिमका महिला तथा बालिका विरुद्ध हुने हिंसाबाट प्रभावित व्यक्तिहरु ।

→ विशेष गरी महिला तथा बालिका विरुद्ध हुने हिंसाको जोखिमयुक्त परिस्थितिमा रहेका बेवारिसे एवं शारीरिक तथा मानसिक रुपले अशक्त महिला तथा बालबालिका ।

→ महिला तथा बालिका विरुद्ध हुने हिंसाबाट प्रभावित भई मानसिक स्वास्थ्यमा गम्भीर समस्या उत्पन्न भएका कारणले घर वा सार्वजनिक स्थानमा अलपत्र तथा बेवारिसे अवस्थामा महादेवा गाउँपालिका क्षेत्रभित्र फेला परेका व्यक्ति ।

→ बहुअल्पसंख्यक, यौनिक तथा लैङ्गिक अल्पसंख्यक (तेस्रो लिङ्गी) ।

७. **महादेवा गाउँपालिका तहमा विद्यमान संयन्त्र तथा संघ संस्थाहरु र तिनीहरुको सेवाको नक्शांकनः** यस महादेवा गाउँपालिका अन्तरगत महिला तथा बालिका विरुद्ध हुने हिंसा प्रभावितलाई मनोसामाजिक सेवा वा सहायता, सुरक्षा संरक्षण, चिकित्सा सेवा वा सहायता, कानुनी सेवा वा सहायता, सीपमूलक तालिम तथा आयआर्जन सहयोग, शिक्षामा सहयोग, दुर्व्यसनी पुनःर्स्थापना र पारिवारिक तथा सामाजिक पुनःर्मिलन सहयोग प्रदान गर्न अनुसुची १ मा सहयोगी निकायहरुको नक्शांकन उल्लेख गरिएको छ र यो नक्शांकन बार्षिक रुपमा अद्यावधिक गरिनेछ । साथै गाउँ कार्यपालिकाको कार्यालय भित्र मनोसमाजिक सामाजिक परामर्श कक्ष व्यवस्थापन गरी सेवा प्रदान गरिने छ ।

८. **सेवा प्रदायकको भुमिका:** महिला तथा बालिका विरुद्ध हुने हिंसा प्रभावित र उनीहरुका परिवारको घटना व्यवस्थापन अन्तरगत स्याहार योजनाको खाका तयार गरी घटना व्यवस्थापकलाई उपलब्ध गराउनु तथा प्रभावितलाई आवश्यक सेवा जुटाउन सहजीकरण गर्नुका साथै उपलब्ध सेवाप्रदान गर्न, प्रभावितलाई तत्काल संरक्षण दिन र परिवार तथा समाजमा पुनःर्स्थापना गर्ने गराउने कार्यको लागि प्राथमिक सेवाप्रदायक छनौट गरि सम्झौता गरिनेछ । उक्त प्राथमिक सेवा प्रदायकहरु आवश्यकता अनुसार थपघट गरिनेछ । यस महादेवा गाउँपालिका अन्तरगत छनौट गरिएका प्राथमिक सेवा प्रदायकहरु अनुसुची २ मा उल्लेख गरिएकोछ ।

९. **महादेवा गाउँपालिका स्तरको महिला तथा बालिका विरुद्ध हुने हिंसा न्युनिकरणको सम्वोधन संयन्त्र:**

९.१ महादेवा गाउँपालिका स्तरीय संयन्त्र: महिला तथा बालिका विरुद्ध हुने हिंसा पिडितको सम्बोधनको लागि महादेवा गाउँपालिका स्तरमा देहाय बमोजिमको संयन्त्र रहनेछ:-

- न्यायिक समिति
- प्रशासन शाखा
- कानुन तथा न्याय शाखा
- स्वास्थ्य शाखा

- शिक्षा यूवा तथा खेलकुद शाखा
- सामाजिक विकास शाखा
- महिला, बालबालिका तथा जेष्ठनागरिक शाखा/उपशाखा
- महिला सञ्जाल
- सेभ हाउस संघ संस्थाहरु
- गैर सरकारी संघ संस्थाहरु

क) घटना व्यवस्थापक महादेवा गाउँपालिकाको महिला तथा बालबालिका शाखा तोकिएको व्यक्ति घटना व्यवस्थापकको रुपमा छनौट गरिनेछ ।

ख) प्राथमिक सेवा प्रदायकः महादेवा गाउँपालिका स्तरमा कार्यरत सम्बन्धित सहयोगी निकायहरुलाई महादेवा गाउँपालिकाबाट प्राथमिक सेवा प्रदायकको रुपमा छनौट गरिनेछ ।

ग) आधिकारिक व्यक्ति वा निर्णयकर्ताः न्यायिक समितिको संयोजकको आधिकारीक व्यक्ति तथा निर्णयकर्ताको जिम्मेवारी रहनेछ ।

९.२ महिला तथा बालिका विरुद्ध हुने हिंसा सम्बोधन संयन्त्रको काम, कर्तव्य र अधिकार

क) घटनाको पहिचान तथा दर्ताः घटना व्यवस्थापकले मुदा दर्ता गर्नेछ र फाईल खडा गरी प्रमाणिकरणको लागि सिफरिस संयन्त्रका कहाँ पठाउनेछ । यो प्रक्रिया प्रभावितको सूसुचित सहमतिमा हुनेछ र प्रत्येक चरणमा पिडितको सुरक्षा र गोपनियतालाई ध्यान दिईनेछ ।

ख) प्रभावित र परिवारको लेखाजोखाः यो कार्यको लागि छनौट गरिएका प्राथमिक सेवा प्रदायकलाई तोकिनेछ । प्राथमिक सेवा प्रदायक तालिम प्राप्त हुनु पर्नेछ। उक्त प्राथमिक सेवा प्रदायकले पिडित र परिवारको लेखाजोखा सहित स्याहार योजनाको खाका तयार पारी घटना व्यवस्थापकलाई बुझाउनेछ र घटना व्यवस्थापकले सिफारिस संयन्त्रमा बुझाउनेछ ।

ग) स्याहार योजना निर्माणः लेखाजोखा र स्याहार योजनाको खाकाको आधारमा निर्णयकर्ताले Case Conference बोलाउनेछ । उक्त केश कन्फ्रेन्समा ३ जना सहित, परिवारका सदस्य र सम्बन्धित सेवा प्रदायकलाई बोलाईनेछ र स्याहार योजनालाई अन्तिम रुप दिईनेछ । उक्तकार्य गोप्य हुनेछ ।

घ) स्याहार योजनाको कार्यान्वयनः स्याहार योजनाको कार्यान्वयन प्राथमिक सेवा प्रदायकले गर्नेछ ।

ङ) स्याहार योजनाको समिक्षाः स्याहार योजनाको समिक्षा घटना व्यवस्थापकले गर्नेछ । यदि स्याहार योजनाले प्रभावकारी रुपमा काम गरेन भने फेरी केश कन्फ्रेन्स बोलाएर योजनालाई परिमार्जन गरिनेछ ।

च) समापनः घटना व्यवस्थापकको प्रतिवेदनको आधारमा केशको समापन गर्नेछ ।

९.३ सिफारिस प्रणाली : महिला तथा बालिका विरुद्ध हुने हिंसा प्रभावितलाई तत्काल सहयोग पुर्याउन आवश्यकतानुसार महादेवा गाउँपालिका स्तरमा निम्न बमोजिमको व्यवस्थित सिफारिस प्रणाली स्थापित गरिनेछ ।

→ मनोसामाजिक सेवा वा सहायता ।

→ सुरक्षा/संरक्षण सहायता ।

→ चिकित्सा सेवा वा सहायता ।

→ कानुनी सेवा वा सहायता ।

→ सीप मुलक तालिम वा आयआर्जन सहयोग ।

→ शिक्षामा सहयोग, दुर्व्यसनी पुनःस्थापना पारिवारिक तथा सामाजिक पुनःर्मिलन, पुनःएकिकरण ।

९.३.१ मनोविमर्श सेवा

→ सुरक्षा तथा संरक्षण प्रदान ।

→ औषधीउपचार सेवा ।

→ कानुनी परामर्श सेवा ।

→ जिविकोपार्जन सहयोग ।

→ शैक्षिक सहयोग ।

→ पुनःस्थापना सेवा, पुनःर्मिलन, पुनःएकिकरण ।

९.३.२ मनोसामाजिक स्याहारः महादेवा गाउँपालिकामा पुनःस्थापना केन्द्र स्थापना गरी सोही केन्द्रबाट मनोसामाजिक स्याहार प्रदान गर्ने ।

९.३.३ निरन्तर मनोसामाजिक सेवा सम्बन्धि कार्यः समुदाय तथा परिवारमा पुनःस्थापना, थप औषधी उपचार सम्बन्धि सेवा, कानुनी सहायता सम्बन्धि निकायसम्म पहुँच, व्यवसायको लागि प्राविधिक सहयोग र बजारीकरण, थप शैक्षिक सहयोग, पारिवारिक तथा सामाजिक पुनःस्थापना, पुनः एकिकरण गर्ने ।

९.४ सम्पर्क व्यक्ति (Focal Person) तोकिदिने: संयन्त्रको सम्पर्क व्यक्ति महादेवा गाउँपालिका अन्तरगतको महिला, बालबालिका तथा जेष्ठ नागरिक शाखा तोकिएको व्यक्ति हुनेछ । साथै प्राथमिक सेवा प्रदायकहरुले समेत सम्पर्क व्यक्ति तोकि महादेवा गाउँपालिकाको सम्बन्धित शाखालाई जानकारी गराउनु पर्नेछ ।

१०. बजेट व्यवस्थापन: सिफारिस संयन्त्रको लागि आवश्यक पर्ने श्रोत साधनको व्यवस्था महादेवा गाउँपालिकाले आफै र सम्बन्धित निकायहरु मार्फत गराउनेछ ।

११. कार्य संचालन समिति : महिला तथा बालिका विरुद्ध हुने हिंसा सम्बोधनका लागि सिफारिस प्रणाली सम्बन्धी निर्देशिका, २०८२ को कार्य संचालन तपसिलका समिति गठन गरिनेछ ।

| | |
|---|---|
| क) न्यायिक समिति संयोजक | - संयोजक |
| ख) प्रशासन शाखा प्रमुख | - सदस्य |
| ग) कानून तथा न्याय शाखा प्रमुख | - सदस्य |
| घ) स्वास्थ्य शाखा प्रमुख | - सदस्य |
| ङ) शिक्षा युवा तथा खेलकुद शाखा प्रमुख | - सदस्य |
| च) सामाजिक विकास शाखा प्रमुख | - सदस्य |
| छ) गैर सरकारी संस्था महासंघ प्रतिनिधि | - सदस्य |
| ज) सेफ हाउस संघ संस्थाको प्रतिनिधि | - सदस्य |
| झ) महिला सञ्जालको प्रतिनिधि | - सदस्य |
| ञ) गैर सरकारी संघ/ संस्थाको प्रतिनिधि | - सदस्य |
| ट) मनोसमाजिक परामर्शकर्ता | - सदस्य |

८

ठ) एकद्वार संकट व्यवस्थापन केन्द्र प्रतिनिधि

ड) जिल्ला प्रहरी कार्यालय - सदस्य

-(महिला बालबालिका तथा जेष्ठ नागरिक सेवा केन्द्र) प्रतिनिधि - सदस्य

ढ) महिला, बालबालिका तथा जेष्ठ नागरिक शाखा प्रमुख - सदस्य सचिव

आवश्यकता अनुसार विज्ञ वा अन्य हेल्प लाइन लगायतका प्रतिनिधिहरु कार्य संचालन समितिको बैठकमा आमन्त्रित गर्न सकिनेछ ।

११.१ कार्य संचालन समितिको संयोजक र सदस्य सचिव सहित कम्तीमा ५०% भन्दा बढी समितिका सदस्य उपस्थित रहे आवश्यक निर्णय गर्न बाधा पर्ने छैन ।

अनुसुची १

## सेवा प्रदायक निकायहरुको नक्शांकन

| क्र. सं. | कार्यालय, संस्था वा संयन्त्रको नाम ठेगाना | कार्यक्रमको नाम | कार्यक्रमको अवधी | सम्पर्क व्यक्तिको नाम थर ठेगाना | सम्पर्क नं. | ईमेल ठेगाना |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

## अनूसुची २

### प्राथमिक सेवा प्रदायक निकायहरूको विवरण

| क्र.सं. | कार्यालय, संस्था वा संयन्त्रको नाम ठेगाना | सेवा क्षेत्र | सम्पर्क व्यक्ति नाम थर ठेगाना | सम्पर्क नं. | ईमेल ठेगाना |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

अनुसुची ३:

## सिफारिस फारम

सेवा/सहयोग सिफारिस फाराम

सिफारिस मिति .................................................. घटना दर्ता नम्बर ..........................................

१. सिफारिस गरिएको संस्था/निकाय :

संस्था/निकायको नाम:..................................................................................................................

ठेगाना : ..................................................................................................................................

यस फाराममा उल्लेखित विवरण बमोजिमको प्रभावितलाई आवश्यक सहयोग र सेवा उपलब्ध गराउनका लागि त्यस संस्था/निकायमा सिफारिस गरिएको छ ।

नाम:..........................................................................लिङ्ग.............................उमेर............................

उल्लिखित प्रभावित प्रतिको सहयोग र सेवा समापन नभएसम्म निरन्तर अनुगमन गरी प्रतिवेदन पठाउन हुन अनुरोध गरिन्छ ।

२. प्रभावितको विवरण :

स्थायी ठेगाना :

जिल्ला.........................नगरपालिका/गाउँपालिका.................................... वडा......... टोल............................

हालको ठेगाना:

जिल्ला.........................नगरपालिका/गाउँपालिका.................................... वडा......... टोल............................

प्रभावितका लागि परिवारको सम्पर्क व्यक्ति:

परिवारको सम्पर्क व्यक्तिको नाम : सम्पर्क फोन नम्बर :

ठेगाना: जिल्ला.........................नगरपालिका/गाउँपालिका.................................... वडा......... टोल....................

३. घटनाको संक्षिप्त विवरण :

..........................................................................................................................................................

..........................................................................................................................................

प्रभावितको हालको शारीरिक, मानसिक, स्वास्थ्यतथा संरक्षणको अवस्था/स्थिति

..........................................................................................................................................................

सिफारिस गरिएको सेवा, सहयोग तथा कारबाही (तालिका हेरेर भर्ने) :

आपत्कालिन सहयोग र तत्कालकार्य आवश्यक: छ छैन

संलग्नकागजातहरु :

४. सिफारिस गर्ने :

नाम: पद/आबद्धता: हस्ताक्षर: मिति:

५. सिफारिस बुझिलिनेको

नाम: नाता/पद: हस्ताक्षर: मिति:

अनुसुची ४

## पिडित वा पिडिताको पक्षबाट निवेदन फारम

मितिः

श्री गा.पा. अध्यक्ष ज्यू
महादेवा गाउँपालिका, बथनाहा, सप्तरी ।

विषयः **आवश्यक सहयोग गरिदिने सम्बन्धमा ।**

उपरोक्त सम्बन्धमा जिल्ला............................ नगरपालिका/गाउँपालिका............................ वडा नं............ टोल............................ बस्ने श्री ..........................................................को छोरा/छोरी बर्ष..........को म/मेरो ............................ श्री .................................................................................................................................................................................................................................................................................................................................................(संक्षिप्त घटना विवरण र लैङ्गिक हिंसाको प्रकृति लेख्ने) तपशील अनुसारको सहयोगको आवश्यकता भएकोले सहयोग गरीदिनहुन अनुरोध गर्दछु ।

१) मनोसामाजिक सहयोग (आवश्यक छ / छैन )
२) सुरक्षावा संरक्षण सेवा (आवश्यक छ/ छैन )
३) स्वास्थ्यउपचार (आवश्यक छ / छैन )
४) कानुनी सहायता (आवश्यक छ / छैन )
५) सीपमुलक तालिम वा आय आर्जन सहयोग (आवश्यक छ / छैन )
६) दुर्व्यशनी पुनःस्थापना केन्द्र (आवश्यक छ / छैन )
७) पारिवारीक वा सामुदायिक पुनःमिलन , पुनःएर्किकरण (आवश्यक छ / छैन )
८) अन्य ..........................................................................

**संलग्न कागजातहरु**

१)..........................................................................
२)..........................................................................
३)..........................................................................
४)..........................................................................

निवेदक

नामः
ठेगानाः
दस्तखतः
मितिः
मोवाईल नं.

अनुसुची ५

## दर्ता रजिष्टरको नमुना ढाँचा

| क्र. सं. | सिफारिस गरिएको व्यक्तिको नाम | कोड नं. | लिङ्ग | जातजाति | वडा नं. र टोलको नाम | सिफारिस गरि पठाईएको निकाय | हिंसाको प्रकार | प्रभावितको हालको अवस्था | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |